# सुदूरपश्चिम विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय

महेन्द्रनगर, कञ्चनपुर ।

**स्नातक तह चौथो र सातौं एवम् स्नातकोत्तर तह दोस्रो सेमेस्टरको परीक्षा दिने परीक्षार्थीहरूको (Online) परीक्षा आवेदन फाराम प्रविष्टि गर्ने सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मिति : २०८२ । ०७ । २३ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा वि.सं. २०८२ सालमा संचालन हुने सेमेस्टर प्रणालीमा सञ्चालित स्नातक तह **चौथो र सातौं एवम् स्नातकोत्तर तह दोस्रो** सेमेस्टरको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरू स्वयम्ले यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal** मा **Login** गरी या **www.exam.fwu.edu.np** मा **Login** गरी **मिति २०८२ मंशिर ७ गतेसम्म** निम्नानुसार आ-आफ्नो विवरण प्रविष्टि गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरू मात्र भर्नु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।

२. यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal** मा **Click** गरी **Login** गर्ने या **www.exam.fwu.edu.np** मा गई **Login** गर्ने । **Login** गर्नको लागि **User Name** मा आफ्नो **रजिष्ट्रेसन नम्वर** राख्ने र **Password** मा आफ्नो **जन्म मिति** राख्ने । यसरी पहिलो पटक **Login** गरेपछि विद्यार्थीले अनिवार्यरुपमा **Password Change** गर्नु पर्नेछ । यसरी **Password Change** गर्नको लागि **Current Password Box** मा सोही **Password** (जन्म मिति) राख्ने, **New Password Box** मा नयाँ **Password** राख्ने र **New Password Confirm Box** मा नयाँ राखेको **Password पुनः** राखेर **Save Changes** मा **Click** गर्ने । यसरी **Password Change** गरिसकेपछि पुनः रजिष्ट्रेसन नम्बर र नयाँ परिवर्तन गरेको **Password** राखी **Login** गर्नु पर्ने छ ।

३. त्यसपछि पेजको दायाँपट्टी देखिने पहिलो बक्समा विद्यार्थीले पासपोर्ट साइजको दुवै कान प्रष्ट देखिने गरी Background क्लियर भएको फोटो र दोस्रो बक्समा लाइन नभएको सेतो कागजमा हस्ताक्षरको बढिमा 2MB को **.jpg वा .png file Upload** गर्ने ।

४. पेजको बायाँपट्टी **Dash board** मा रहेको **Exam forms** मा या **Pencil (✎)** जस्तो देखिने चित्रमा **Click** गरेर आफूले फाराम भर्ने सङ्काय, तह, समेस्टर र परीक्षा वर्ष लेखेको समूह (Exam Schedule) को दायँपट्टी रहेको **Pay Rs 800** मा स्नातक तहको लागि र **Pay Rs 1200** मा स्नातकोत्तर तहको लागि **Click** गर्ने ।

५. **Practical Subjects भएका विद्यार्थीहरूका लागि मात्र** : यसपछि **Practical** विषय भएका परीक्षार्थीले **Practical Subjects** को तलपट्टीको **Box** मा जति विषय Practical छन् त्यतिनै अङ्क छान्ने । (प्रयोगात्मक शुल्क :- प्रति विषय **रु ५०** का दरले लाग्ने छ ।) *(Practical Subjects को संख्या सही नभएको खण्डमा परीक्षा आवेदन फाराम Submit हुने छैन)* / **Practical** विषय नभएका परीक्षार्थीले यो Box छान्नु पर्दैन ।

६. त्यसपछि शुल्क भुक्तानिको लागि तलपट्टी रहेको खल्ती **Khalti App** वा **Connect IPS** वा **eSewa** को चित्र **(Icon)** मा **Click** गर्ने र आफ्नो **Khalti/Connect IPS/eSewa** को ID/Username र Passsword राखी **Submit** मा **Click** गर्ने ।

७. शुल्क भुक्तानी गरिसकेपछि सम्बन्धित सेमेस्टरका सबै विषयहरू देखिने छन् । विद्यार्थीहरूले आफूले परीक्षा दिने विषय Theory भए Theory को र Practical भए Practical मा र दुबै भएमा दुबै Column को **Check Box (☐)** हरूमा **Tick (☑)** गर्ने । (विषय छनोट गर्दा फरक विषयहरू छनोट गरेको खण्डमा परीक्षा दिन पाइने छैन । त्यसैले विषय छनोट गर्दा प्रत्येक विद्यार्थीहरूले आ-आफ्नो विभाग/क्याम्पसमा गएर विषय र कोड नम्बर अनिवार्य थाहापाउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।)

८. विषय छनोट गरिसकेपछि तलपट्टी रहेको **Submit Application** मा **Click** गर्ने ।

९. साधारण म्याद सकिएको ७ दिन भित्र दोब्बर दस्तुरसहित फाराम भर्न सकिनेछ ।

**नोटः क्याम्पस/विभागले** : (१)आ-फ्नो विद्यार्थीले भरेका प्रत्येक फारामहरू रूजु गरेर नियमित विद्यार्थीको आन्तिरिक मुल्याङ्कन परीक्षाको प्राप्ताङ्क प्रविष्ट गरेर **Submit** गर्नु पर्नेछ ।

परीक्षा नियन्त्रक